नेपाल सरकार

भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

पत्र संख्याः २०८२।०८३
चलानी नं.: ५०५

मितिः २०८३।०३।०५
ने.सं. ११४६

विषयः गाउँपालिका तथा नगरपालिका र वडाको सङ्ख्या तथा सिमाना हेरफेर र नगरपालिका वर्गीकरणको पुनरावलोकन सम्बन्धी मापदण्ड, २०८३ पठाईएको ।

श्री जिल्ला समन्वय समिति (सबै),
श्री नगरपालिका (सबै),
श्री गाउँपालिका (सबै)।

यस मन्त्रालयको संवत् २०८३ सालको मापदण्ड (नेराप) नम्वर ३ मा प्रकाशित सूचना 'गाउँपालिका तथा नगरपालिका र वडाको सङ्ख्या तथा सिमाना हेरफेर र नगरपालिका वर्गीकरणको पुनरावलोकन सम्बन्धी मापदण्ड, २०८३' मिति २०८३।३।४, खण्ड ७६, संख्या १५, भाग ३ को नेपाल राजपत्र सम्बन्धित सबैको जानकारी तथा आवश्यक कार्यार्थ पठाईएको व्यहोरा निर्णयानुसार अनुरोध छ ।

३।५
(दीपेश कट्टेल)
शाखा अधिकृत

बोधार्थः

श्री सूचना प्रविधि शाखाः सबै जिल्ला समन्वय समिति, नगरपालिका, गाउँपालिका, जिल्ला समन्वय समिति महासंघ नेपाल, नेपाल नगरपालिका संघ र गाउँपालिका राष्ट्रिय महासंघको ईमेल पार्फत पत्र प्रेषित गरी मन्त्रालयको वेवसाइटमा समेत अपलोड गरिदिनुहुन ।

श्री जिल्ला समन्वय समिति महासंघ नेपालः आवश्यक जानकारी एवं समन्वयको लागि।

श्री नेपाल नगरपालिका संघः आवश्यक जानकारी एवं समन्वयको लागि।

श्री गाउँपालिका राष्ट्रिय महासंघ, काठमाडौः आवश्यक जानकारी एवं समन्वयको लागि।

नेपाल सरकार

# भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

पत्र संख्याः २०८२।०८३
चलानी नं.: ५०४

मितिः २०८३।०३।०५
ने.सं. ११४६

विषयः गाउँपालिका तथा नगरपालिका र वडाको सङ्ख्या तथा सिमाना हेरफेर र नगरपालिका वर्गीकरणको पुनरावलोकन सम्बन्धी मापदण्ड, २०८३ पठाईएको ।

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को
कार्यालय (सबै) ।

यस मन्त्रालयको संवत् २०८३ सालको मापदण्ड (नेराप) नम्बर ३ मा प्रकाशित सूचना 'गाउँपालिका तथा नगरपालिका र वडाको सङ्ख्या तथा सिमाना हेरफेर र नगरपालिका वर्गीकरणको पुनरावलोकन सम्बन्धी मापदण्ड, २०८३' मिति २०८३।३।४, खण्ड ७६, संख्या १५, भाग ३ को नेपाल राजपत्र सम्बन्धित सबैको जानकारी तथा आवश्यक कार्यार्थ पठाईएको व्यहोरा निर्णयानुसार अनुरोध छ ।

३।५
(दीपेश कट्टेल)
शाखा अधिकृत

बोधार्थः

श्री सूचना प्रविधि शाखाः सबै मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको ईमेल पार्फत पत्र प्रेषित गरिदिनुहुन ।

# भाग ३

## नेपाल सरकार

## भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको

## सूचना

### संवत् २०८३ सालको मापदण्ड (नेराप) नम्बर ३

### गाउँपालिका तथा नगरपालिका र वडाको सङ्ख्या तथा सिमाना हेरफेर र नगरपालिका वर्गीकरणको पुनरावलोकन सम्बन्धी मापदण्ड, २०८३

**प्रस्तावना** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ३, ५,६,७ र ८ मा भएका व्यवस्थाका आधारमा गाउँपालिका तथा नगरपालिका र वडाको सङ्ख्या तथा सिमाना हेरफेर र नगरपालिकाको विद्यमान वर्गीकरणमा पुनरावलोकन गर्ने कार्यलाई व्यवस्थित गर्न आवश्यक भएकोले,

नेपाल सरकारले यो मापदण्ड जारी गरेको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस मापदण्डको नाम "गाउँपालिका तथा नगरपालिका र वडाको सङ्ख्या तथा सिमाना हेरफेर र नगरपालिका वर्गीकरणको पुनरावलोकन सम्बन्धी मापदण्ड, २०८३" रहेको छ।

(२) यो मापदण्ड तुरुन्त प्रारम्भ हुनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. **<u>परिभाषा</u>** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,-

(क) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनु पर्छ ।

(ख) "मन्त्रालय" भन्नाले स्थानीय तहको सम्पर्क निकायका रूपमा काम गर्ने नेपाल सरकारको मन्त्रालय सम्झनु पर्छ।

(ग) "वडा" भन्नाले गाउँपालिका वा नगरपालिकाको वडा सम्झनु पर्छ।

(घ) "समिति" भन्नाले दफा ५ बमोजिमको अध्ययन समिति सम्झनु पर्छ ।

**(ङ)** "स्थानीय तह" भन्नाले महानगरपालिका, उपमहानगरपालिका, गाउँपालिका र नगरपालिका सम्झनु पर्छ।

## परिच्छेद-२
## <u>सिफारिसका आधार</u>

३. **<u>सिफारिसका आधार</u>** : (१) गाउँपालिका तथा नगरपालिकाको सङ्ख्या र सिमाना हेरफेर वा एकआपसमा गाभिने प्रस्ताव गर्दा ऐनको दफा ३ को उपदफा (२) बमोजिमका देहायका आधार अवलम्बन गरी गर्नुपर्नेछ :-

(क) जनसङ्ख्या,

(ख) भूगोल,

(ग) प्रशासनिक सुगमता,

(घ) पूर्वाधार विकासको अवस्था,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) आर्थिक सक्षमता,

(च) प्राकृतिक स्रोत साधनको उपलब्धता,

(छ) भाषिक, सांस्कृतिक तथा सामुदायिक बनौट।

(२) वडाको सङ्ख्या, सिमाना र केन्द्र हेरफेर गर्ने वा वडाहरू एकआपसमा गाभिने वा गाभिए पश्चात्को वडाको केन्द्र निर्धारण गर्ने प्रस्ताव गर्दा ऐनको दफा ५ को उपदफा (३) बमोजिमका देहायका आधार अवलम्बन गरी गर्नु पर्नेछः-

(क) जनसङ्ख्या तथा जनसङ्ख्या वितरणको अवस्था,

(ख) भौगोलिक निरन्तरता, अनुकूलता तथा विशिष्टता,

(ग) भाषिक, सांस्कृतिक तथा सामाजिक विशिष्टता,

(घ) सेवा सुविधा वितरणको अवस्था र सुगमता,

(ङ) विद्यमान भौतिक पूर्वाधार।

(३) गाउँपालिका तथा नगरपालिका वा वडाको सङ्ख्या तथा सिमाना हेरफेर, एक आपसमा गाभिने वा नगरपालिकाको विद्यमान वर्गीकरणमा पुनरावलोकन गर्ने प्रस्ताव गर्दा उपदफा (१) र (२) का अतिरिक्त देहायका विषयको अवस्था समेतको विश्लेषणका आधारमा नागरिकलाई अधिकतम लाभ पुग्ने गरी गर्नु पर्नेछ :-

(क) नागरिकले प्राप्त गर्ने सेवा सुविधामा पहुँच,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) जनघनत्व, बसोबास, बस्ती विकास र शहरीकरण,

(ग) बजारको विकास र यातायात सेवामा पहुँच,

(घ) नदी प्रणाली, जलाधार, पानीढलो र विपद् संवेदनशीलता,

(ङ) सामाजिक, आर्थिक, राजनीतिक एवं प्रशासनिक प्रभाव,

(च) सांस्कृतिक, धार्मिक, जातजातिगत एवं भाषिक पहिचानको संरक्षण, सम्बर्द्धन, विकास र निरन्तरता।

(४) नगरपालिकाको वर्गीकरण पुनरावलोकनको प्रस्ताव गर्दा ऐनको दफा ८ बमोजिमका सर्त तथा सुविधा पूरा गरेको हुनु पर्नेछ।

(५) गाउँपालिका वा नगरपालिका एकआपसमा गाभिने प्रस्ताव गर्दा गाभिए पश्चात् कायम हुने गाउँपालिका वा नगरपालिकाको वडाको सङ्ख्या ऐनको दफा ५ को उपदफा (२) बमोजिम हुनेगरी प्रस्ताव गर्नु पर्नेछ।

(६) गाउँपालिका र नगरपालिकाको सिमाना हेरफेर गर्दा संविधानको प्रावधानमा भएका प्रदेश र जिल्लाको सिमाना नखल्बलिने गरी एउटा स्थानीय तह एउटै प्रदेशभित्र र जिल्लाभित्र पर्ने गरी गर्नु पर्नेछ।

(७) स्थानीय तहभित्रका वडाहरूबीच जनसङ्ख्या, भूगोल र प्राकृतिक स्रोतको उपलब्धताको हिसाबले सम्भव भएसम्म समानता कायम गर्नु पर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(८) स्थानीय तहले वडाको केन्द्र कायम गर्दा उपदफा (२) बमोजिमका आधारका अतिरिक्त वडालाई एकीकृत सेवा केन्द्रका रूपमा विकास गर्न वडाभित्रका सबै नागरिकको सहज पहुँच सुनिश्चित हुने गरी प्रशासनिक सुगमताको सिद्धान्तका आधारमा गर्नु पर्नेछ।

४. **<u>नगरपालिकाको रूपमा प्रस्ताव गर्न सकिने</u>** : (१) हाल कायम रहेको कुनै गाउँपालिकाले ऐनको दफा ८ को उपदफा (१) बमोजिमका सर्त तथा सुविधा पूरा गरेको अवस्थामा त्यस्तो गाउँपालिकालाई नगरपालिकाको रूपमा प्रस्ताव गर्न सकिनेछ।

(२) दुई वा दुईभन्दा बढी गाउँपालिका वा नगरपालिका एक आपसमा गाभिने गरी निर्णय भई ऐनको दफा ८ को उपदफा (१) मा उल्लिखित सर्त र सुविधा पूरा हुने भएमा गाभिए पश्चात् कायम हुने स्थानीय तह नगरपालिकाको रुपमा कायम हुने गरी प्रस्ताव पेस गर्न सकिनेछ।

तर यस व्यवस्थाले दुई वा दुईभन्दा बढी गाउँपालिका एक आपसमा गाभिई गाउँपालिकाकै रुपमा प्रस्ताव गर्न बाधा परेको मानिने छैन।

## परिच्छेद-३
## <u>अध्ययन समिति</u>

५. **<u>अध्ययन समितिको गठन</u>** : (१) गाउँपालिका वा नगरपालिकाको सिमाना हेरफेर, वडाको सङ्ख्या तथा सिमाना



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

हेरफेर, गाउँपालिका वा नगरपालिका एक आपसमा गाभिन र नगरपालिकाको विद्यमान वर्गीकरणमा पुनरावलोकनका लागि अध्ययन गरी प्रतिवेदन दिन देहाय बमोजिमको समिति रहनेछ :-

(क) प्रमुख, जिल्ला समन्वय समिति -संयोजक

(ख) अध्यक्ष वा प्रमुख, सम्बन्धित स्थानीय तह -सदस्य

(ग) सहायक प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय -सदस्य

(घ) प्रमुख, सम्बन्धित नापी कार्यालय -सदस्य

(ङ) प्रमुख, सम्बन्धित मालपोत कार्यालय -सदस्य

(च) प्रमुख प्रशासकीय अधिकृत, सम्बन्धित स्थानीय तह -सदस्य

(छ) जिल्ला समन्वय अधिकारी -सदस्य-सचिव

(२) उपदफा (१) बमोजिमको समितिमा आवश्यकताअनुसार सम्बन्धित विषय क्षेत्रको विज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

(३) समितिले सरकारी कार्यालय वा निकायका पदाधिकारीलाई आवश्यकता अनुसार आमन्त्रण गरी अध्ययन कार्यमा सहभागी गराउन सक्नेछ।

(४) समितिको सचिवालय जिल्ला समन्वय समितिको कार्यालयमा रहनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(५) समितिले आफ्नो कार्यविधि आफैंले बनाउन सक्नेछ।

६. **समितिको काम, कर्तव्य र अधिकार** : समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) देहायका मध्ये कुनै विषयमा अध्ययन गर्न आवश्यक भएमा लेखी पठाउन कम्तीमा सात दिनको समयावधि दिई समितिका संयोजकले जिल्लाभित्रका स्थानीय तहलाई पत्राचार गर्ने :-

(१) वडाको सिमाना र सङ्ख्या हेरफेर गर्ने र केन्द्र परिवर्तन गर्ने,

(२) गाउँपालिका वा नगरपालिकाको सिमाना हेरफेर गर्ने,

(३) गाउँपालिका वा नगरपालिका एक आपसमा गाभिने र त्यसरी गाभिएर बन्ने नयाँ गाउँपालिका वा नगरपालिकाको नामकरण, केन्द्र, वडाको सङ्ख्या र सिमाना तथा केन्द्र निर्धारण गर्ने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) नगरपालिकाको विद्यमान वर्गीकरणमा पुनरावलोकन गर्ने।

(ख) खण्ड (क) बमोजिम अध्ययनका लागि लेखी आएमा समितिले दफा ३ मा तोकिएका आधारबमोजिम अध्ययन गरी तिस दिनभित्र सम्बन्धित स्थानीय तहमा प्रतिवेदन पठाउने।

७. **अध्ययन विधि र प्रतिवेदन** : (१) समितिले अध्ययन गर्दा देहायका विधिहरूको अवलम्बन गर्न सक्नेछ :-

(क) कानूनी एवं अन्य दस्तावेज तथा अभिलेखको अध्ययन,

(ख) स्थलगत अध्ययन तथा अवलोकन,

(ग) उपलब्ध तथ्य तथ्याङ्कको विश्लेषण,

(घ) सम्बन्धित क्षेत्रका बासिन्दाहरूसँग छलफल,

(ङ) स्थानीय राजनीतिक दलका प्रतिनिधि, नागरिक समाज, सञ्चारकर्मीसँग अन्तरक्रिया,

(च) सीमाविद्, भूगोलविद्, विपद् तथा वातावरणविद्, संस्कृति एवं इतिहासविद्सँगको राय परामर्श,

(छ) सांस्कृतिक, भाषिक, जातजातिगत पहिचानसँग सम्बन्धित विषयमा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सम्बन्धित क्षेत्र र समुदायका स्थानीय नेतृत्वसँगको अन्तरक्रिया,

(ज) तत्कालीन स्थानीय निकाय एवं मौजुदा स्थानीय तहको गठन, पुनर्संरचना र हेरफेर सम्बन्धमा यस अघि गरिएका अध्ययन प्रतिवेदन र निर्णयको अध्ययन,

(झ) समितिले आवश्यक ठानेको अन्य विधि।

(२) उपदफा (१) बमोजिमका विधिको प्रयोग गरी समितिले दफा ३ बमोजिमका आधारहरूको तथ्यपरक विश्लेषणबाट प्राप्त निष्कर्षलाई समावेश गरी अनुसूची-१ बमोजिमको ढाँचामा सम्बन्धित स्थानीय तहमा सिफारिस सहितको प्रतिवेदन दिनु पर्नेछ।

## परिच्छेद-४
## पुनरावलोकन प्रक्रिया

८. **स्थानीय तहले प्रस्ताव पेस गर्ने** : (१) गाउँपालिका वा नगरपालिका र वडाको सङ्ख्या तथा सिमाना हेरफेर र नगरपालिकाको वर्गीकरणको पुनरावलोकनका लागि प्रस्ताव गर्दा समितिको अध्ययन प्रतिवेदन समेतका आधारमा गाउँसभा वा नगरसभाको तत्काल कायम रहेको सदस्य सङ्ख्याको दुई तिहाई बहुमतले प्रस्ताव पारित गरी अनुसूची-२ बमोजिमका कागजात तथा विवरणसहित प्रदेश सरकारमा पठाउनु पर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर गाउँपालिका वा नगरपालिका एक आपसमा गाभिने सम्बन्धमा निर्णय गर्दा ऐनको दफा ७ को उपदफा (१) बमोजिम सम्बन्धित गाउँपालिका वा नगरपालिकाको सभामा तत्काल कायम रहेको सदस्य सङ्ख्याको बहुमतबाट प्रस्ताव पारित गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिम पेस हुने प्रस्तावमा गाउँसभा वा नगरसभाको उपस्थिति सहितको निर्णयको प्रमाणित प्रतिलिपिका अतिरिक्त देहायका कागजातहरू संलग्न हुनु पर्नेछ :-

(क) सिमानाको हकमा स्पष्ट साँधसिमाना छुट्टिने गरी विभिन्न विन्दुहरूको नापि नक्सा,

(ख) एकआपसमा गाभिनेको हकमा गाभिने स्थानीय तहहरूको ऐनको दफा ५ को उपदफा (२) बमोजिमको नक्सा सहितको नयाँ कायम हुने वडाको विवरण र केन्द्र निर्धारण सम्बन्धी निर्णय,

(ग) नगरपालिकाको वर्गीकरण पुनरावलोकनको हकमा ऐनको दफा ८ बमोजिमको सर्त तथा सुविधा पूरा गरेको आधारको पुष्ट्याईं,

(घ) गाउँपालिका वा नगरपालिकाको वडाको सङ्ख्या हेरफेर गरेको हकमा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्रस्तावित वडाको साँधसिमाना छुट्टिने गरी विभिन्न विन्दुहरूको नापीनक्सा,

(ङ) अन्य आवश्यक कागजात तथा प्रमाण।

(३) दुई वा दुई भन्दा बढी स्थानीय तह एकआपसमा गाभिने निर्णय भएमा सम्बन्धित स्थानीय तहले प्रदेश सरकारमा छुट्टाछुट्टै प्रस्ताव पेस गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिमका प्रस्तावहरू प्रदेश सरकारले एकीकृत गरी दफा ९ बमोजिमको सिफारिसको प्रक्रिया अगाडि बढाउनु पर्नेछ।

९. **<u>प्रदेश सरकारले सिफारिस गर्ने</u>** : (१) प्रदेश सरकारले दफा ८ बमोजिम स्थानीय तहबाट प्राप्त प्रस्तावमा यस मापदण्डबमोजिमका आधार र प्रक्रिया पूरा भएको पाइएमा प्रदेश मन्त्रिपरिषद्को निर्णय सहित अनुसूची-३ बमोजिमका कागजात तथा विवरण मन्त्रालय मार्फत नेपाल सरकारमा सिफारिस गरी पठाउनु पर्नेछ।

(२) प्रदेश सरकारले यस मापदण्ड बमोजिमको आधार र प्रक्रिया पूरा नभएको प्रस्ताव पुनरावलोकनका लागि सम्बन्धित स्थानीय तहमा कारणसहित फिर्ता पठाउन सक्नेछ।

(३) प्रदेश सरकारले उपदफा (१) र (२) बमोजिमको निर्णय स्थानीय तहबाट प्रस्ताव प्राप्त भएको पन्ध्र दिनभित्र गरिसक्नु पर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

**१०.** **<u>प्रस्ताव पेस गर्ने</u>** : (१) दफा ९ बमोजिम प्रदेश सरकारबाट प्राप्त सिफारिसको अध्ययन गरी मन्त्रालयले तिस दिनभित्र स्वीकृतिका लागि नेपाल सरकार, मन्त्रिपरिषद्मा प्रस्ताव पेस गर्नेछ।

(२) उपदफा (१) बमोजिम अध्ययन गर्दा यस मापदण्ड बमोजिमका आधार र प्रक्रिया पूरा गरेको नपाइएमा मन्त्रालयले सम्बन्धित स्थानीय तहमा पठाई सोको जानकारी सम्बन्धित प्रदेश र जिल्ला समन्वय समितिलाई दिनुपर्नेछ।

## परिच्छेद-५
## <u>विविध</u>

**११.** **<u>सहयोग, समन्वय र सहजीकरण गर्नुपर्ने</u>** : (१) यस मापदण्ड बमोजिम गाउँपालिका तथा नगरपालिका र वडाको सङ्ख्या तथा सिमाना हेरफेर, एक आपसमा गाभिने र नगरपालिकाको वर्गीकरणको पुनरावलोकन गर्ने प्रयोजनका लागि गरिने अध्ययन कार्यमा समितिलाई सम्बन्धित वडा कार्यालय, गाउँ कार्यपालिकाको कार्यालय तथा नगर कार्यपालिकाको कार्यालयले आवश्यक सहयोग गर्नु पर्नेछ।

(२) समितिले अध्ययन कार्यका लागि माग गरे बमोजिमका कागजात, सूचना तथा तथ्याङ्क वा अन्य विवरण र प्राविधिक जनशक्ति सम्बन्धित कार्यालयले उपलब्ध गराई सहयोग गर्नु पर्नेछ।

(३) यो मापदण्ड कार्यान्वयनको प्रक्रियामा प्रदेशभित्रका स्थानीय तहका सम्बन्धमा सम्बन्धित प्रदेशको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले आवश्यकता अनुसार सहजीकरण तथा समन्वय गर्नु पर्नेछ।

१२. **वित्तीय स्रोतको व्यवस्था** : यस मापदण्ड बमोजिमको कार्यसम्पादन गर्न आवश्यक पर्ने वित्तीय स्रोतको व्यवस्था सम्बन्धित गाउँपालिका वा नगरपालिकाले गर्नु पर्नेछ।

१३. **अनुसूचीमा हेरफेर** : मन्त्रालयले आवश्यकता अनुसार यस मापदण्डको अनुसूचीमा हेरफेर गर्न सक्नेछ।

१४. **बाधा अड्काउ फुकाउने** : यस मापदण्डको कार्यान्वयनको क्रममा कुनै द्विविधा वा कठिनाई उत्पन्न भएमा मन्त्रालयले बाधा अड्काउ फुकाउन सक्नेछ।

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

**अनुसूची-१**

**(दफा ७ को उपदफा (२) सँग सम्बन्धित)**

**समितिले स्थानीय तहमा पेस गर्ने प्रतिवेदनको ढाँचा**

प्रतिवेदन पेस गरिएको स्थानीय तह :-

प्रतिवेदन पेस गरिएको मिति:-

१. पृष्ठभूमि

२. अध्ययन समितिको संरचना र कार्यदिश

३. मापदण्ड बमोजिम प्रस्तावित कार्य : (वडाको सङ्ख्या हेरफेर/वडाको सिमाना हेरफेर/स्थानीय तहको सिमाना हेरफेर/स्थानीय तह एक आपसमा गाभिने/नगरपालिकाको वर्गीकरण पुनरावलोकन)

४. अध्ययन कार्यमा अवलम्बन गरिएका विधिको विश्लेषण

५. अध्ययन गर्दा लिइएका सिफारिसका आधारहरू र सोको विश्लेषण

६. वर्तमान स्थितिको विश्लेषण

७. प्रस्तावित कार्यको आवश्यकता तथा औचित्य

८. अध्ययनबाट प्रस्तावित वडा वा गाउँपालिका वा नगरपालिकाको अवस्थाको व्याख्या र सो बमोजिमको भौगोलिक नापि नक्साको विवरण

९. अध्ययनको निष्कर्ष र सिफारिस

१०. अध्ययनको पुस्ट्याईं गर्ने कागजात तथा प्रमाणहरू:-

(क) भूगोलको साँधसिमाना सहितको GIS मा आधारित नापि नक्सा,

(ख) सरोकारवालासँगको छलफलको उपस्थिति र निर्णय,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) समितिको बैठकका निर्णय,

(घ) प्राप्त राय सुझावहरू,

(ङ) स्थलगत अध्ययन अवलोकन तथा छलफलका तस्बिरहरू,

(च) नगरपालिकाको वर्गीकरण पुनरावलोकनको हकमा ऐनको दफा ८ बमोजिमका सर्त तथा सुविधाहरूको विवरण

(छ) अन्य।

११. समितिका पदाधिकारीको विवरण र हस्ताक्षर



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची-२
## (दफा ८ को उपदफा (१) सँग सम्बन्धित)

## स्थानीय तहले प्रदेश सरकारमा प्रस्ताव पेस गर्दा संलग्न गर्नुपर्ने कागजात तथा विवरण

| क्र.सं. | संलग्न गर्नुपर्ने कागजात/प्रमाणहरूको विवरण | भएको नभएको खुलाउने | मिति आवश्यक पर्नेमा खुलाउने |
|---|---|---|---|
| १ | अध्ययन समितिको संयोजकले स्थानीय तहलाई गरेको पत्राचार | | |
| २ | स्थानीय तहले अध्ययनका लागि अनुरोध गरी पठाएको पत्र | | |
| ३ | स्थानीय तहको अध्ययन समितिको गठन | | |
| ४ | अध्ययन समितिले प्राप्त निवेदन उपर कार्य प्रारम्भको गरेको निर्णय | | |
| ५ | अध्ययन समितिको अनुसूची-१ बमोजिमको ढाँचाको प्रतिवेदन | | |
| ६ | गाउँसभा वा नगरसभाको निर्णय | | |
| ७ | संलग्न राख्नुपर्ने अन्य कुनै कागजात/विवरण | | |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची-३
## (दफा ९ को उपदफा (१) सँग सम्बन्धित)

## प्रदेश सरकारले नेपाल सरकारमा सिफारिस गर्दा संलग्न गर्नुपर्ने कागजात तथा विवरण

| क्र.सं. | संलग्न गर्नुपर्ने कागजात/प्रमाणहरूको विवरण | भएको नभएको खुलाउने | मिति आवश्यक पर्नेमा खुलाउने |
|---|---|---|---|
| १ | अध्ययन समितिको संयोजकले स्थानीय तहलाई गरेको पत्राचार | | |
| २ | स्थानीय तहले अध्ययनका लागि अनुरोध गरी पठाएको पत्र | | |
| ३ | स्थानीय तहको अध्ययन समितिको गठन | | |
| ४ | अध्ययन समितिले प्राप्त निवेदन उपर कार्य प्रारम्भको गरेको निर्णय | | |
| ५ | अध्ययन समितिको अनुसूची-१ बमोजिमको ढाँचाको प्रतिवेदन | | |
| ६ | गाउँसभा वा नगरसभाको निर्णय | | |
| ७ | प्रदेश सरकारमा पेस गरेको प्रस्ताव सहितको पत्राचार | | |
| ८ | प्रदेश सरकारमा दर्ता भएको मिति | | |
| ९ | प्रदेश मन्त्रिपरिषद्को निर्णय | | |
| १० | प्रदेश सरकारले प्रस्ताव फिर्ता | | |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| | पठाएको भए सो सम्बन्धी पत्र | | |
| ११ | प्रस्ताव फिर्ता पठाएकोमा प्रस्ताव पुन:पेस भएको मिति | | |
| १२ | संलग्न राख्नुपर्ने अन्य कुनै कागजात/विवरण | | |

**आज्ञाले,**
**मदन भुजेल**
**नेपाल सरकारको सचिव ।**

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।